# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८ ) काठमाडौं, मंसीर ३ गते २०४५ साल ( अतिरिक्ताङ्क ४६


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

#### सूचना १

अख्तियार दुरूपयोग निवारण आयोगका सम्माननीय प्रमुख आयुक्त श्री वासुदेव शर्मा आँखाको उपचार गर्न २०४५ साल मार्ग ५ गतेबाट १५ दिन घर बिदा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी नियमावली २०३४ बमोजिम सोही आयोगका आयुक्त श्री सर्वज्ञराज पण्डितले कायम मुकायम प्रमुख आयुक्त भई कामकाज सम्हाल्नु हुनेछ ।

#### सूचना २

सम्माननीय शिक्षा तथा संस्कृति मन्त्री श्री परशुनारायण चौधरी सोभियत रूसको राजधानी मस्कोमा हुने खेलकूद र शारीरिक शिक्षासँग उत्तरदायी भएका मन्त्री एवं उच्च पदाधिकारीहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको शिक्षा तथा संस्कृति मन्त्रालयको कार्यभार सम्माननीय आवास तथा भौतिक योजना मन्त्री डा. प्रकाशचन्द्र लोहनीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

५४२

श्री ५ महाराजाधिराजका प्रमुख सचिव


मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।